त्रिभुवन विश्वविद्यालय
चिकित्सा शास्त्र अध्ययन संस्थान
**डीनको कार्यालय, महाराजगंज**
पो.ब.नं.: १५२४, काठमाडौं, नेपाल।
फोन नं. ४४१०९११, ४४१२०४०, ४४१३७२९, ४४१८१८७

Tribhuvan University
Institute of Medicine
**Office of the Dean**
Maharajgunj, P.O. Box: 1524
Kathmandu, Nepal
Ph.# 4410911, 4412040, 4413729, 4418187

पत्र संख्या / Ref.:-
का.यो. फा.नं. १६१( 62 ) च.नं. 9628 -०७८।०७९

मिति / Date:-
मिति:२०७९।०३।०२

१.श्री महाराजगंज चिकित्सा क्याम्पस, त्रि.वि. चि.शा.अ.संस्थान, महाराजगंज ।
२.श्री शिक्षण अस्पताल, त्रि.वि.चि.शा.अ.संस्थान, महाराजगंज ।
३.श्री मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर, त्रि.वि.चि.शा.अ.संस्थान, महाराजगंज ।
४.श्री वी.पी.कोइराला लायन्स नेत्र अध्ययन केन्द्र, त्रि.वि.चि.शा.अ.संस्थान, महाराजगंज ।
५.श्री त्रि.वि.महाराजगन्ज नर्सिङ्ग क्याम्पस, त्रि.वि.चि.शा.अ.संस्थान, महाराजगन्ज ।
६.श्री नेपालगन्ज नर्सिङ्ग क्याम्पस, त्रि.वि.चि.शा.अ.संस्थान, नेपालगज ।
७.श्री पोखरा नर्सिङ्ग क्याम्पस, त्रि.वि.चि.शा.अ.संस्थान, पोखरा ।
८.श्री वीरगन्ज नर्सिङ्ग क्याम्पस, त्रि.वि.चि.शा.अ.संस्थान, वीरगन्ज ।
९.श्री बिराटनगर नर्सिङ्ग क्याम्पस, त्रि.वि.चि.शा.अ.संस्थान, बिराटनगर ।
१०.श्री आयूर्वेद क्याम्पस,त्रि.वि.चि.शा.अ.सस्थान,कीर्तिपुर ।
११. श्री जनस्वास्थ्य केन्द्रीय विभाग, त्रि.वि.चि.शा.अ.संस्थान, महाराजगन्ज ।

विषय : **अनुसन्धान परियोजना संचालन पूर्वस्वीकृती सम्वन्धमा ।**

उपरोक्त विषयमा यस चिकित्साशास्त्र अध्ययन संस्थान अन्तर्गतका क्याम्पस/अस्पताल/केन्द्र/केन्द्रीय विभाग/निकायहरुमा संचालन हुने अनुसन्धान परियोजना संचालनका लागि परियोजना संचालन गर्नु पूर्व चिकित्सा शास्त्र अध्ययन संस्थानबाट पूर्व स्वीकृती लिनुपर्नेछ भनि *अनुसन्धान परियोजना कार्यान्वयन कार्यविधि,२०७७ को परिच्छेद १ को दफा २ र परिच्छेद ८ को दफा १ मा* स्पष्ट उल्लेख भएको हुदा सो अनुसार यस अध्ययन संस्थान अन्तर्गतका क्याम्पस/अस्पताल/केन्द्र/केन्द्रीय विभाग/निकायहरुमा संचालन हुने अनुसन्धान परियोजना संचालन गर्नु पूर्व परियोजना प्रस्तावना सहित पूर्वस्वीकृतीका लागि यस कार्यालयमा पत्राचार गर्नुपर्ने व्यहोरा जानकारी गराउँदछु ।
अनुसन्धान परियोजना कार्यान्वयन कार्यविधि, २०७७(संशोधन सहित) यसै साथ संलग्न छ ।

...........................
प्रा.तक्मा के.सी.
नि. डीन

# त्रिभुवन विश्वविद्यालय
# चिकित्साशास्त्र अध्ययन संस्थान
# अनुसन्धान परियोजना कार्यान्वयन कार्यविधि, २०७७

(संशोधन सहित)

संशोधन मिति २०७७।२।१५

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : यो कार्यविधिको नाम चिकित्सा शास्त्र अध्ययन संस्थान अनुसन्धान परियोजना कार्यान्वयन कार्यविधि, २०७७ रहेको छ । यो कार्यविधि त्रि.वि.चि.शा.अ.संस्थान कार्यान्वयन समितिबाट पारित भए पछि संचालन हुने परियोजनाहरुमा लागु हुनेछ । यस कार्यविधिलाई यस पछि अनुसन्धान परियोजना कार्यान्वयन कार्यविधि र अंग्रेजीमा Research Project Implementation Guidelines (GRiP) भनिनेछ ।

२. अनुसन्धान परियोजना संचालन गर्न क्याम्पस/कार्यालय/अस्पताल/केन्द/केन्द्रीय बिभाग साथै कार्यालयहरुमा रहेको अनुसन्धान परियोजना समितिको सिफारिसमा चि.शा.अ.संस्थान डीनको कार्यालयको अनुसन्धान परियोजना स्थायी समितिबाट पूर्वस्वीकृति लिनु पर्नेछ ।

३. सम्बन्धित क्याम्पस/कार्यालय/अस्पताल/केन्द/केन्द्रीय बिभागबाट पूर्वस्वीकृतिको लागि आएको अनुसन्धान परियोजनाको विषयमा पत्र प्राप्त भएको मितिले अनुसन्धान परियोजना स्थायी समितिले ७ दिन भित्र बैठक बसी आवश्यक निर्णय लिनु पर्ने छ । साथै अनुसन्धान परियोजना स्थायी समितिको बैठक आवश्यकता अनुसार बस्ने छ ।

४. चिकित्सा शास्त्र अध्ययन संस्थान डीनको कार्यालयमा परियोजना संचालन स्वीकृतिको लागि ७ सदस्यिय स्थायी समिति रहने छ ।

५. चिकित्सा शास्त्र अध्ययन संस्थान र यस अन्तंगतका क्याम्पस/अस्पताल/केन्द/केन्द्रीय बिभाग साथै कार्यालयहरुमा सञ्चालन हुने सबै अनुसन्धान परियोजनाहरु यसै कार्यविधि अनुसार सञ्चालन हुनेछन् ।

६. परियोजनाको कार्यालय चिकित्सा शास्त्र अध्ययन संस्थान र यस अन्तंगतका परियोजना संचालन भएको क्याम्पस/कार्यालय/अस्पताल/केन्द/केन्द्रीय बिभाग साथै कार्यालयहरुमा रहनेछ ।

७. यो कार्यविधि अन्तराष्ट्रिय संघ संस्थाबाट संचालन हुने परियोजनामा मात्र लागु हुनेछ । राष्ट्रिय स्तरको परियोजनाको हकमा परियोजना सम्पन्न भए पछि सोको प्रतिवेदन सम्बन्धित निकायले अनुसन्धान परियोजना स्थायी समितिमा पठाउनु पर्ने छ । साथै अनुसन्धान परियोजना स्थायी समितिको बैठक आवश्यकता अनुसार बस्ने छ ।

## परिच्छेद २
## परिभाषा

१. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) "संस्थान" भन्नाले चिकित्सा शास्त्र अध्ययन संस्थान महाराजगञ्ज भन्ने बुझिन्छ ।

ख) "परियोजना" भन्नाले चिकित्सा शास्त्र अध्ययन संस्थान अनुसन्धान परियोजना कार्यान्वयन कार्यविधि, २०७७ अन्तर्गत सञ्चालित सबै किसिमका अनुसन्धान परियोजनाहरुलाई जनाउनेछ ।

ग) "कार्यविधि" भन्नाले चिकित्सा शास्त्र अध्ययन संस्थान अनुसन्धान परियोजना कार्यान्वयन कार्यविधि, २०७७ लाई जनाउनेछ ।

घ) "समिति" भन्नाले परियोजना कार्यान्वयन कार्यविधि, २०७७ को परिच्छेद ४ बमोजिम गठित अनुसन्धान परियोजना कार्यान्वयन समिति भन्ने बुझिन्छ ।

## परिच्छेद ३
## उद्धेश्य

त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थान र यस मातहतका क्याम्पस/ कार्यालय/ अस्पताल/ केन्द/ केन्द्रीय विभागबाट तथा कार्यालयहरुको प्रमुख दायित्व भनेकै अध्ययन अध्यापन, अनुसन्धान र सेवा प्रदान गर्नु नै हो । उक्त विभागहरुले विभिन्न लघु अनुसन्धान र प्रकाशनलाई निरन्तरता दिएता पनि ठूला किसिमका कम्तिमा एक वर्षिय वा वहुवर्षिय अनुसन्धानहरु मूलत : स्रोत साधनकै अभावमा सञ्चालन हुन सकेका छैनन् । यसर्थ अनुसन्धानका लागि स्रोत साधन उपलब्ध गराउन सक्ने राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघ संस्थासँग सहकार्य गर्न आवश्यक र उपयुक्त देखिन्छ । त्यसैगरी कतिपय विषयमा विशिष्ट अनुभव प्राप्त राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघ संस्थाहरुसँग निहित अनुभव र दक्षताबाट ज्ञान हासिल गर्न र अनुभवको आदान प्रदानका लागि पनि त्यस्ता संघ संस्थासंग सहकार्य गर्नु हाम्रा लागि विषयगत ज्ञान, सिप र दक्षतालाई परिस्कृत गर्दै जाने सम्बन्धमा एउटा अवसर पनि हो । तत् सम्बन्धमा वाह्य सहयोगमा सञ्चालन हुने अनुसन्धान कार्यलाई व्यवस्थित र सहजरुपमा सञ्चालनका लागि स्वास्थ्यसंग सम्बन्धित विभिन्न अनुसन्धान परियोजनाहरु सञ्चालन गर्ने महत्वपूर्ण उद्धेश्यका लागि त्रि.वि.चिकित्साशास्त्र अध्ययन संस्थान, कार्यान्वयन समिति, डीनको कार्यालयबाट स्वीकृत यो कार्यविधि लागु गरिएको छ ।

## परिच्छेद ४
## अनुसन्धान परियोजना संचालन स्थायी समिति गठन

१.अनुसन्धान परियोजना संग सम्बन्धित कार्यहरुलाई सहज रुपमा कार्यान्वयन गर्न देहाय बमोजिम सात सदस्यीय अनुसन्धान परियोजना स्थायी समितिको व्यवस्था गरिएको छ ।

| | | |
|---|---|---|
| १) | डीन, त्रि.वि. चिकित्साशास्त्र अध्ययन संस्थान, महाराजगञ्ज | अध्यक्ष |
| २) | निर्देशक, अनुसन्धान विभाग, त्रि.वि. चिकित्साशास्त्र अध्ययन संस्थान | सदस्य |
| ३) | डीनबाट मनोनित प्राध्यापक मध्येबाट अनुसन्धानमा बिज्ञताको आधारमा २ जना | सदस्य |
| ४) | प्रशासन प्रमुख डीनको कार्यालय | सदस्य |
| ५) | आर्थिक प्रमुख, डीनको कार्यालय | सदस्य |
| ६) | सहायक डीन, कार्यक्रम तथा योजना, | सदस्य सचिव |

नोट : आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ ।

## अनुसन्धान परियोजना कार्यान्वयन समितिको गठन, काम, कर्तव्य र अधिकार

२. अनुसन्धान परियोजना संग सम्बन्धित कार्यहरुलाई सहजरुपमा कार्यान्वयन गर्नका लागि सात सदस्यीय अनुसन्धान परियोजना कार्यान्वयन समितिको व्यवस्था गरिएको छ । अनुसन्धान परियोजना कार्यान्वयन समिति देहाय अनुसार रहनेछ ।

| | | |
|---|---|---|
| १) | परियोजना संचालन हुने क्याम्पस/कार्यालय/अस्पताल/सेन्टर/केन्द्रीय विभागका प्रमुख | अध्यक्ष |
| २) | निर्देशक अनुसन्धान विभाग | सदस्य |
| ३) | त्रि.वि.च.शा.अ.संस्थानका डीनले तोकेको विज्ञ १ जना | सदस्य |
| ४) | परियोजना संचालन हुने क्याम्पस/कार्यालय/अस्पताल/सेन्टर/ केन्द्रीय विभागका प्रशासन प्रमुख, | सदस्य |
| ५) | परियोजना संचालन हुने क्याम्पस/कार्यालय/अस्पताल/सेन्टर/ केन्द्रीय विभागका लेखा प्रमुख, | सदस्य |
| ६) | चि.शा.अ.संस्थान डीनको कार्यालयको प्रतिनिधि | सदस्य |
| ७) | सम्बन्धित अनुसन्धानका मुख्य शोधकर्ता | सदस्य सचिव |

नोट : आवश्यकता अनुसार आमन्त्रित सदस्य राख्न सकिनेछ ।

### ३) अनुसन्धान परियोजना कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार :

अनुसन्धान परियोजना कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) परियोजना सञ्चालनका लागि आवश्यक पर्ने नीतिगत निर्णयहरु गर्ने, अनुसन्धान कार्यमा आवश्यक सहजिकरण गर्ने तथा अनुसन्धान कार्यको प्रगतिको अनुगमन गर्ने ।

ख) अनुसन्धान कार्यक्रमहरुको बजेट तथा खर्च सिफारिस गरी स्वीकृतिका लागि स्थायी समितिमा पठाउने ।

ग) अनुसन्धान कार्यक्रम सञ्चालनका लागि पूर्वस्वीकृति प्राप्त भए पश्चात कार्यक्रमहरुको अनुसन्धान शुरु गर्नका लागि कुनै संघ संस्था वा व्यक्तिसंग सहकार्य, छलफल, वार्ता तथा सम्झौता गर्नका लागि पून : स्वीकृतिको आवश्यकता पर्ने छैन ।

[illegible] समितिको सम्पूर्ण सदस्य संख्याको ५० प्रतिशत हुनेछ ।

ङ)	परियोजना समितको बैठकमा भएको निर्णयहरु माईन्यूट गरि अध्यक्षबाट प्रमाणित गराउन पर्नेछ ।

च)	अध्यक्षको अनुपस्थितिमा माथि उल्लेखित समितिका २ नम्बरका सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

छ)	बैठकको निर्णय सर्वसम्मत रुपले हुनेछ । मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

ज)	अनुसन्धान परियोजना संचालन स्थायी समितिका अध्यक्ष, सदस्य एवं सदस्य सचिव लगायत बैठकमा उपस्थित आमन्त्रित महानुभावहरुलाई प्रति बैठक रु.३,०००।- का दरले बैठक भत्ता साथै अनुसन्धान परियोजना कार्यान्वयन समितिका संयोजक,सदस्य र सदस्य सचिव एवं आमन्त्रित महानुभावहरुलाई प्रति बैठक रु.२,०००।( का दरले बैठक भत्ता तथा अन्य आवश्यक खर्च परियोजनाको वजेटबाटै उपलब्ध गराईनेछ ।

(झ)	समितिको वैठक सदस्य सचिवले समन्वय गरी आवश्यकता अनुसार आह्वान गर्न सकिनेछ ।

## परिच्छेद ५
## कर्मचारी व्यवस्थापन

१. परियोजना सञ्चालनका लागि जनशक्ति आवश्यक भएमा परियोजना कार्यान्वयन समितिको सिफारिसमा परियोजना अवधिभर वा कुनै निश्चित अवधि तोकेर आवश्यक मात्रामा आंशिक वा पूर्णकालिन जनशक्ति अनुसन्धान परियोजना संचालन स्थायी समितिले नियुक्त गर्न सकिनेछ ।

२) माथि उपनियम १ मा उल्लेख भए अनुसारका जनशक्ति नियुक्त गर्दा सम्बन्धित अनुसन्धानका मुख्य शोधकर्ताको सिफारिसका आधारमा नियुक्त गरिनेछ । यसरी नियुक्त गर्दा परियोजना संचालन भएको कार्यालयमा कार्यरत जनशक्तिलाई कार्य अनुभव तथा सेवाका आधारमा अतिरिक्त समय कार्य गर्ने गरी नियुक्त गर्न सकिनेछ । परियोजना संचालन गर्न त्यस किसिमको जनशक्ति उपलब्ध हुन नसक्ने अवस्थामा मात्र चि.शा.अ.संस्थान अर्न्तगतका अन्य कार्यालयबाट कर्मचारीको व्यवस्था गरिनेछ र उक्त जनशक्ति व्यवस्थापनको स्वीकृति परियोजना संचालन स्थायी समितिबाट गर्नु पर्नेछ ।

३) यसरी नियुक्त गरिएको कर्मचारीहरुको पारिश्रमिक तथा भत्ता अनुसन्धान परियोजना कार्यान्वयन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ६
## आर्थिक व्यवस्थापन तथा खर्चको विवरण

१) परियोजनाको आर्थिक व्यवस्थापन तथा खर्चको विवरण निम्नानुसार गरिनेछ ।

क)	परियोजन अन्तर्गत सञ्चालन हुने अनुसन्धान कार्यक्रमका लागि सहकार्य गर्ने संघ संस्थाबाट सम्झौता बमोजिम प्राप्त हुने रकम परियोजनाको मुख्य आर्थिक स्रोतको रुपमा रहनेछ ।

ख)	परियोजना संचालन बापत प्राप्त कुल रकमको १० प्रतिशतले हुन आउने Over Head बापतको रकम मध्ये ३ प्रतिशत त्रि.वि.निवृत्तिभरण कोषमा र ७ प्रतिशत चि.शा.अ.संस्थान डीनको कार्यालयमा जम्मा गर्नु पर्नेछ ।

(ग)	परियोजना संचालन बापत प्राप्त कुल रकमको ५ प्रतिशत रकम सम्बन्धित परियोजना संचालन हुने क्याम्पस/कार्यालय/अस्पताल/केन्द्र /केन्द्रीय विभागमा जम्मा गर्नु पर्नेछ ।

(घ)	परियोजना सचालन गर्दा अन्य निकायहरु ( IRB,NHRC ) लाई शुल्क तिर्न पर्ने भएमा परियोजनाको बजेटबाट व्यहोरिने छ ।

ङ )	समितिले निर्धारण गरे बमोजिम अनुसन्धान कार्यक्रम अन्तर्गतका सम्बन्धित विरामीहरुको खर्च परियोजनाको बजेटबाट व्यहोरिने छ ।

च)	अनुसन्धान कार्यका लागि आवश्यक पर्ने मसलन्द, उपकरण, यातायात, भ्रमण आदि लगायतको सम्पूर्ण खर्च सम्बन्धित परियोजनाको रकमबाट गरिनेछ ।

छ)	परियोजनाका लागि नियुक्त मुख्य अनुसन्धान कर्ता, सह अनुसन्धान कर्ता, अनुसन्धान कर्ता तथा नियुक्त कर्मचारीहरुको पारिश्रमिक तथा भत्ता सम्बन्धित परियोजनाको रकमबाट व्यहोरिनेछ । निजहरुको पारिश्रमिक, भत्ता तथा अन्य सुविधा अनुसन्धान परियोजना कार्यान्वयन समितिको सिफारिसमा परियोजना संचालन स्थायी समितिले तोके बमोजिम हुनेछ ।

ज)	परियोजना समाप्त भए पश्चात् परियोजनाको खातामा रकम संचित रहेमा संचित रकमको ७५ प्रतिशत परियोजना संचालन भएको क्याम्पस/कार्यालय/अस्पताल/केन्द/केन्द्रीय बिभागको खातामा जम्मा गरिनेछ र बाकीं २५ प्रतिशत त्रि.वि. निवृत्तिभरण कोषमा जम्मा गर्नु पर्नेछ । सम्बन्धित क्याम्पस/ कार्यालय/ अस्पताल/ केन्द/ केन्द्रीय बिभागहरुमा जम्मा भएको ७५ प्रतिशत रकम परियोजना संचालन स्थायी समितिको स्विकृतिमा परियोजना संचालित विभागको स्तरउन्नती तथा विकासका साथै अन्य कार्यक्रममा खर्च गर्न सकिनेछ ।

झ)	परियोजना संचालनको लागि दाता निकायबाट स्विकृत प्रस्तावमा उल्लेख भए भन्दा फरक शिर्षकमा खर्च गर्नु पर्ने भएमा परियोजना संचालन स्थायी समितिको स्वीकृतिमा गर्न सकिने छ ।

## परिच्छेद ७

## खाता सञ्चालन तथा लेखा परिक्षण

१ अनुसन्धान परियोजनाको खाता अनुसन्धान परियोजना कार्यान्वयन समितिका अध्यक्ष र परियोजना संचालन भएको कार्यालयको लेखा प्रमुखको संयुक्त हस्ताक्षरबाट सञ्चालन गरिनेछ ।

२. परियोजन अन्तर्गत सञ्चालन हुने कार्यक्रमहरुको आर्थिक कारोवारको लेखा परिक्षण परियोजना संचालन भएको सम्वन्धित कार्यालयको नियमित लेखा परिक्षणको क्रममा गराईनेछ ।

## परिच्छेद ८

## विविध

१. त्रि.वि. चि.शा.अ.संस्थान अर्न्तगत कुनै पनि परियोजना संचालन गर्नु पर्ने भएमा Institutional Review Committee वा Nepal Health Research Council को स्वीकृति लिनु पूर्व चि.शा.अ.संस्थान डीन कार्यालयबाट पूर्व स्वीकृति लिनु पर्नेछ ।

२. परियोजना अन्तर्गत कुनै पनि अनुसन्धान कार्यक्रम सञ्चालन गर्नका लागि पुरा गर्नु पर्ने पूर्वशर्तहरु जस्तै Institutional Review Committee वा Nepal Health Research Council को स्वीकृति प्राप्त गर्ने लगायतका कार्य अनुसन्धाल टोली स्वयंले पूरा गर्नु पर्नेछ । सो का लागि परियोजना कार्यान्वयन समितिले केवल सहजकर्ताको भूमिका मात्र निर्वाह गर्न सक्नेछ । सो कार्यको लागि लाग्ने खर्च सम्बन्धित परियोजनाकै रकमबाट व्यहोने छ ।

३. त्रि.वि. चिकित्सा शास्त्र अध्ययन संस्थान अर्न्तगत संचालन हुने अनुसन्धान परियोजना सम्बन्धि प्रस्ताव र प्रत्येक आ.व.मा उक्त परियोजनाबाट भए गरेका कामको प्रगति विवरण परियोजना संचालन स्थायी समिति, चि.शा.अ.संस्थान डीनको कार्यालय र सो अर्न्तगतको अनुसन्धान बिभागमा पेश गर्नु पर्ने छ ।

## परिच्छेद ९

## बाधा अड्चन फुकाऊ

१) यस कार्यविधिमा भएको व्यवस्थाको परिमार्जन तथा संशोधन गर्नु पर्ने भएमा अनुसन्धान परियोजना कार्यान्वयन समिति र अनुसन्धान परियोजना स्थायी समितिको सिफारिसमा त्रि.वि.चिकित्सा शास्त्र अध्ययन संस्थानको कार्यान्वयन समितिले आवश्यकता र औचित्यका आधारमा परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

२) यस परियोजना अन्तर्गत कार्यक्रमहरु सञ्चालन गर्दा बाधा अड्चन उत्पन्न भएमा वा यस कार्यविधि सम्बन्धी कुनै व्याख्या गर्नु पर्ने भएमा सो सम्बन्धी अन्तिम अधिकार त्रि.वि.चिकित्साशास्त्र अध्ययन संस्थानको कार्यान्वयन समितिलाई हुनेछ ।